# हिमाली सुस्केरा
राष्ट्रिय साप्ताहिक

वर्ष : २४, अङ्क : २४, २०८२ फागुन १७ गते आइतवार ( 1 Mar. 2026 ) मूल्य रु. २०।-




प्रतिनिधिसभा निर्वाचन २०८२ फागुन २१ आउन अब ४ दिन बाँकी ।

## मौन अवधिमा विशेष निगरानी हुन्छ : आयुक्त राणा

रासस

काठमाडौं, फागुन । निर्वाचन आयुक्त सगुन शम्शेर राणाले निर्वाचनको मौन अवधिमा हुनसक्ने चलखेललाई रोक्न विशेष निगरानीको व्यवस्था गरिएको बताउनुभएको छ । उहाँले निर्वाचनमा मौन अवधि प्रचारप्रसार गरेर थाकेका उम्मेवारलाई थकाइ मार्न र शान्त रहन तथा मतदातालाई पनि सोच विचार गरी स्वतन्त्र रूपमा उम्मेदवार छनोट सम्बन्धमा निर्णय प्रदान गरिएको समय भएकाले निर्वाचन आचारसंहिताविपरीतका कुनै कार्य नगर्न अपिल गर्नुभएको छ ।

आयुक्त राणाले भन्नुभयो, “मौन अवधिमा निर्वाचन आचारसंहिताविपरीत राजनीतिक दल र उम्मेदवारले मतदातालाई प्रभावमा पार्छन् कि भन्ने पाटोमा आयोग सचेत छ । कानुनविपरीतका गतिविधि रोक्न जिल्ला अनुगमन अधिकृत र सुरक्षा निकाय परिचालन गरी विशेष निगरानीको व्यवस्था मिलाइएको छ ।” लोकतन्त्रको आधारस्तम्भ र प्राण वायुका रूपमा रहेको अवधिक निर्वाचन यस पटक भने गत भदौ २३ गते भएको जेनजी पुस्ताको आन्दोलनका जग र उपलब्धिका रूपमा हुँदैछ । निर्वाचनको आवधिक अभ्यासबाटै देशको लोकतन्त्र सुदृढ हुन्छ भन्ने मान्यता राखिन्छ ।

लोकतान्त्रिक राज्य व्यवस्थालाई जीवन्त बनाउन आवधिक निर्वाचन,

....... .. .पेज नं. ८ मा

## आगामी बजेट निर्माणको काम सुरु

सुस्केरा समाचारदाता

काठमाडौं, फागुन । सरकारको नियमित काम गर्ने अर्थ निकायले आगामी आर्थिक वर्ष २०८३/८४ को बजेट निर्माण थालेको जनायएको छ । त्यसका लागि अर्थ मन्त्रालयका लागि राजस्व परामर्श समिति गठन गरेको छ भने यही फागुन ७ गते नै राष्ट्रिय योजना आयोगले बजेटको सिलिङ सरकारलाई दिएको छ । अर्थमन्त्री रामेश्वर खनालले शुक्रबार आगामी आवको बजेट निर्माणका लागि राजस्व परामर्श समिति गठन गरेका गर्नुभएको हो । अर्थ मन्त्रालयका राजस्व सचिव भूपाल बरालको संयोजकत्वमा सुझाव दिन सो समिति गठन गरिएको हो ।

समितिका सदस्यमा त्रिभुवन विश्वविद्यालयको अर्थशास्त्र केन्द्रीय विभागका विभागीय प्रमुख वा वरिष्ठ प्राध्यापक, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सहसचिव, नेपाल राष्ट्र बैङ्कका कार्यकारी निर्देशक, अर्थ मन्त्रालयबाट मनोनीत दुई जना विज्ञ (एक अर्थविज्ञ र एक करविज्ञ)

....... .. .पेज नं. ८ मा

## अमेरिका र इरान युद्ध सुरु

सुस्केरा समाचारदाता

काठमाडौं, फागुन । अमेरिका र इजरायल मिलेर इरानमाथि सैन्य आक्रमण सुरु गरेका छन् । अमेरिका र इरानबिचको जेनेभा वार्ता असफल भएपछि शनिबार बिहानदेखि इरानको राजधानी तेहरानलगायत विभिन्न स्थानमा हवाई आक्रमण गरिएको हो । आफूमाथि भएको आक्रमणको प्रत्याक्रमण स्वरूप इरानले इजरायलसहित कतार, बहराइन, संयुक्त अरब इमिरेट्स र कुवेतमा रहेका अमेरिकी सैन्य अखडालाई लक्षित गरी क्षेप्यास्त्र प्रहार गरेको छ । ती क्षेप्यास्त्रलाई प्रतिरक्षा प्रणालीले आकाशमै नष्ट पारिदिएको सम्बद्ध अधिकारीहरूले बताएका छन् । इरानले प्रत्याक्रमण गरेपछि मध्यपूर्वका सबै हवाई उडान प्रभावित भएको एपीले जनाएको छ ।

इजरायलले प्रहार गरेको क्षेप्यास्त्र

....... .. .पेज नं. ८ मा

## हेलिबाट मतदान टोली पठाउन सुरु

सुस्केरा समाचारदाता

डोल्पा, फागुन । प्रतिनिधिसभा सदस्य निर्वाचन २०८२ फागुन २१ गतेको मतदानका लागि डोल्पाको माथिल्लो भेगका मतदान स्थलहरुमा हेलिकोप्टरबाट मतदान टोली पठाउन सुरु गरिएको छ ।

शनिवार डोल्पोबुद्ध गाउँपालिकाको धो मा रहेका मतदान स्थलका मतदान टोली पठाइएको मुख्य निर्वाचन अधिकृतको कार्यालय डोल्पाले जनाएको छ ।

शे फोक्सुण्डो गाउँपालिका, डोल्पो बुद्ध गाउँपालिका र छार्का तांगसोंग गाउँपालिकामा रहेका २३ वटा मतदान स्थलहरुमा खटिने मतदान टोलीलाई हेलिकोप्टरबाट आज आइतवार र नसकिए भोली सोमवार हेलिकोप्टर बाट लिने र ल्याउने व्यवस्था गरिएको

....... .. .पेज नं. ८ मा

## २० गते रातिबाट यातायात नचल्ने

सुस्केरा समाचारदाता

काठमाडौं, फागुन । प्रतिनिधिसभा सदस्य निर्वाचनको अघिल्लो दिन अर्थात् २०८२ फागुन २० गते राति १२ बजे देखि लामो तथा मध्यम दुरीका रात्रि बसहरू सञ्चालन नहुने यातायात व्यवसायीले बताएका छन् । निर्वाचन आयोगले मतदानलाई लक्षित गर्दै फागुन २० गते राति १२ बजेदेखि २१ गते साँझ पाँच बजेसम्म अत्यावश्यकबाहेकका निजी तथा सार्वजनिक सवारी सञ्चालन बन्द गरेकाले रात्रि बसहरू सञ्चालन नगने नेपाल यातायात व्यवसायी राष्ट्रिय महासङ्घले जनाएको छ ।

२०८२ फागुन २० गते दिउँसो भने यातायात सञ्चालन हुने छन् । २० गते राति १२ बजेसम्म गन्तव्यमा पुग्न सक्ने रुटका बसहरू सञ्चालन हुने महासङ्घका कार्यवाहक अध्यक्ष सरोज सिटौलाले जानकारी दिनुभयो । २० गतेको रात्रि बसहरूको टिकट नकाटिएको पनि उहाँले बताउनुभयो । एम्बुलेन्स, दमकल, शव वाहन, रक्तसञ्चार सेवा, सुरक्षा निकायका सवारी, विद्युत्, खानेपानी, ढल तथा दूरसञ्चार मर्मतका सवारीसाधन भने निर्बाध रूपमा सञ्चालन हुने छन् ।

....... .. .पेज नं. ८ मा

## देश विकासमा हातेमालो गर्ने राजनीति चाहिन्छ

सुस्केरा समाचारदाता

डोल्पा, फागुन । चुनावी सरगर्मी चुलिँदै गर्दा चुनावी सभालाई सम्बोधन गर्न डोल्पा पुग्नु भएका नेपाली कांग्रेसका उपसभापति विश्वप्रकाश शर्माले डोल्पाबाट शान्ति, सहकार्य र सुशासनको राजनीतिक सन्देश दिनु भएको छ । ठुलीभेरी नगरपालिकाको जुफालस्थित सेराज्युलामा आयोजित बृहत आमसभालाई सम्बोधन गर्दै उहाँले हिंसात्मक राजनीतिले देशलाई पछाडि धकेलेको र अब विकासका लागि हातेमालो अपरिहार्य भएको बताउनु भयो ।

“एकले अर्काको घाँटी ताक्ने होइन, हातेमालो गर्ने राजनीति चाहिन्छ,” उहाँले भन्नु भयो, “देशलाई बनाउने हो भने सहकार्यको बाटो रोज्नैपर्छ ।” शर्माले कर्णाली र डोल्पाको भूगोलप्रति सम्मान व्यक्त गर्दै यहाँको प्राकृतिक सौन्दर्य, संस्कृति र इमानदार जनताको प्रशंसा गर्नु भयो । विश्वका धेरै देशहरू अघि बढिसक्दा नेपाल पछाडि पर्नुको मुख्य कारण दस वर्षे सशस्त्र द्वन्द्व भएको उल्लेख गर्दै उहाँले शान्ति प्रक्रियामार्फत मुलुकलाई स्थायित्व तर्फ डोऱ्याउने काम कांग्रेस नेतृत्वमै सम्भव भएको दाबी गर्नु भयो ।

तत्कालीन सभापति गिरिजाप्रसाद कोइरालाको नेतृत्वमा जनयुद्ध शान्ति प्रक्रियामा आएको स्मरण गर्दै उहाँले त्यसपछि विद्युत्, सडक, पुल, खानेपानी, सिँचाइ, शिक्षा, स्वास्थ्य र सञ्चार क्षेत्रमा उल्लेखनीय प्रगति भएको जिकिर गर्नु भयो ।

उहाँले आगामी दिनमा गगन कुमार थापा प्रधानमन्त्री बने देशलाई समावेशी र पारदर्शी ढंगले अघि बढाइने

....... .. .पेज नं. ८ मा

### मौन अवधिमा ... .... . ...

राजनैतिक संस्कृति र लोकतान्त्रिक संस्कारलाई आधारस्तम्भका रूपमा लिने गरिएको छ । जनताको व्यापक सहभागितामा हुने स्वच्छ, स्वतन्त्र, निष्पक्ष, मितव्ययी र भयर हित वातावरणमा सम्पन्न निर्वाचनले मात्र देशले असल नेतृत्व प्राप्त गने र त्यसमार्फत जनचाहना अनुरूप सुशासन, विकास र समृद्धिको यात्रा अघि बढ्न सक्ने विश्वास गरिन्छ ।

यही फागुन २१ गते हुन लागेको प्रतिनिधिसभा सदस्य निर्वाचनको तयारी र समग्र शान्ति सुरक्षाको अवस्थालगायत विषयमा निर्वाचन आयुक्त राणासँग राससका प्रमुख समाचारदाता नारायण न्यौपानेले लिनुभएको अन्तर्वार्ताको सम्पादित अंश:

आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनको मतदान आउन केही दिन मात्रै बाँकी छ । निर्वाचनको तयारी र शान्ति सुरक्षाको अवस्था कस्तो छ ?

निर्वाचनको सम्पूर्ण तयारी अन्तिम चरणमा पुगेको छ । सुरक्षा व्यवस्थापनमा करिब तीन लाख ४२ हजार सुरक्षाकर्मी परिचालन भइसकेका छन् । त्यही अनुपातमा कर्मचारी पनि अहोरात्र खटिएका छन् । मतपत्र सबै स्थानमा निर्वाचन क्षेत्रमा पुर्‍याइ सकिएको छ । सुरक्षा संयन्त्र सबै मतदान केन्द्र र स्थलका लागि खटिसकेको अवस्था छ । केही दिनभित्रै मतदान स्थल बनाइन्छ । यसबिचमा मतदान अधिकृतहरूको तालिम सम्पन्न भइसकेको छ । उहाँहरू सम्बन्धित स्थानमा पुगिसक्नुभएको छ । मतदातालाई कसरी निर्वाचनमा सभ्य तरिकाले मतदान गर्ने, बदर मत घटाउने भन्ने पक्षमा पनि हामी लागि रहेका छौँ । आचारसंहिता अनुगमनको पनि तीव्र तरिकाले गति बढी रहेको छ । राजनीतिक दल र उम्मेदवार पनि निर्वाचनको प्रतिस्पार्धा तयारी हुनुहुन्छ । चुनाव प्रचारप्रसार उच्च विन्दुमा पुगेको छ । निर्वाचन सम्पन्न गर्न हामी पूर्ण रूपमा तयारीमा छौँ, कुनै समस्या छैन ।

निर्वाचन स्वच्छ, स्वतन्त्र, निष्पक्ष र भयरहित तुल्याउन निर्वाचन आयोग र सरकारबिच समन्वय कसरी भइरहेको छ ?

यसमा पनि सुरक्षा निकायको विषय आउँछ, नेपाल सरकारको गृहमन्त्रीको अध्यक्षतामा सातवटै प्रदेशमा निर्वाचन सुरक्षा गोष्ठी सम्पन्न भयो । आयोगका तर्फबाट निर्वाचन सुरक्षा समितिको संयोजकका हैसियतले धेरै पटक समितिको बैठक बसालेर निर्वाचनमा आउन सक्ने सुरक्षा चुनौतीको विश्लेषण गरी आवश्यक सम्बोधन गरिसकेको अवस्था छ। नेपाल सरकारसँग अत्यन्त प्रभावकारी समन्वय भइरहेको छ ।

### देश विकासमा ... .. .....

घोषणा गर्नु भयो । "भ्रष्टाचारमुक्त शासन हाम्रो संकल्प हो । पहिलो काम आफ्नै सम्पत्तिको छानबिनबाट सुरु हुन्छ," उहाँले भन्नु भयो ।

डोल्पाको पर्यटन सम्भावनातर्फ संकेत गर्दै उहाँले दक्षिण एसियामा घुम्न आउने पर्यटकका लागि डोल्पा आकर्षणको केन्द्र बन्न सक्ने बताउनु भयो । "युरोप जानु परे स्वीट्जरल्यान्ड सम्झिएजस्तै, दक्षिण एसिया आउँदा डोल्पा सम्झिने अवस्था बनाउन सक्छौँ," उहाँले भन्नु भयो । हिमाल, जडिबुटी, मठमन्दिर र फोक्सुण्डो तालजस्ता सम्पदाले डोल्पालाई अन्तर्राष्ट्रिय गन्तव्य बनाउन सकिने उहाँको धारणा थियो ।

### २० गते रातिबाट .......

सञ्चार गृहलगायत अन्य सवारीसाधन भने निर्वाचन आयोगबाट पास लिएर चल्न पाउने छन् । सिटौलाले भन्नुभयो, "तोकिएको समयमा मात्रै हामीले सवारी सञ्चालन गर्ने हो । नियमविपरीत सार्वजनिक सवारी सञ्चालन गर्ने कुरै भएन ।"

### हेलिबाट मतदान .. ....

हो ।

प्रतिनिधिसभा निर्वाचन नजिकिँदै गर्दा उपल्लो डोल्पामा निर्वाचन तयारी तीव्र पारिएको छ। शे-फोक्सुण्डो, डोल्पोबुद्ध र छार्कातांडसोङ गाउँपालिका अन्तर्गत रहेका २३ मतदान केन्द्रमा खटिने मतदान अधिकृत सहायक मतदान अधिकृत सहितका १ सय १८ जना कर्मचारीले नियुक्ति बुझेका छन् ।

मुख्य निर्वाचन अधिकृतको कार्यालयका सहायक निर्वाचन अधिकृत विदुरप्रसाद कोइरालाका अनुसार सदरमुकामबाट अत्यन्त टाढा र दुर्गम भूगोलमा पर्ने उपल्लो डोल्पाका मतदान केन्द्रका कर्मचारीलाई पहिलो चरणमा फागुन १४ गते नै नियुक्ति तथा सेवासुविधा उपलब्ध गराइएको थियो । डोल्पोबुद्धका ६, छार्कातांडसोङका ६ र शे-फोक्सुण्डोका १२ मतदान केन्द्रमा खटिएका कर्मचारीलाई औपचारिक रूपमा जिम्मेवारी हस्तान्तरण गरिएको सहायक निर्वाचन अधिकृत कोइरालाले बताउनु भयो ।

दुर्गम भौगोलिक अवस्था र पैदल यात्रा असम्भव जस्तै हुने क्षेत्र भएकाले उपल्लो डोल्पाका मतदान केन्द्रमा खटिने कर्मचारी तथा निर्वाचन सामग्रीलाई नेपाली सेनाको हेलिकप्टर मार्फत पठाइने तयारी गरिएको छ। शनिबारदेखि सम्बन्धित केन्द्रतर्फ कर्मचारी र सामग्री ढुवानी सुरु गरिने कार्यालयले जनाएको छ ।

त्यसैगरी, फागुन १५ गते काइके, जगदुल्ला र मुड्केचुला गाउँपालिकामा खटिने कर्मचारीलाई तथा फागुन १६ गते त्रिपुरासुन्दरी र ठुलिभेरी नगरपालिका अन्तर्गतका ४७ मतदान केन्द्रमा खटिने २ सय ६५ जना निर्वाचन कर्मचारीलाई नियुक्ति बुझाइने कार्यक्रम रहेको छ ।

डोल्पामा ६८ स्थायी र २ अस्थायी गरी कुल ७० मतदान केन्द्र कायम गरिएको छ भने तीन सय ८३ जना कर्मचारी परिचालन गरिने मुख्य निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ ।

मतदान प्रतिनिधिमा कडा प्रावधान

निर्वाचन आयोग नेपाल ले सार्वजनिक गरेको मतदान निर्देशिका-२०८२ अनुसार कुनै पनि राजनीतिक दलले नियुक्त गर्ने मतदान प्रतिनिधि सम्बन्धित मतदान केन्द्र पर्ने वडाकै मतदाता हुनुपर्ने अनिवार्य व्यवस्था गरिएको छ ।

निर्देशिकाको दफा ३१ (क) बमोजिम मतदान प्रतिनिधि सम्बन्धित केन्द्रमा मतदान गर्न पाउने गरी अन्तिम मतदाता नामावलीमा सूचीकृत भएको व्यक्ति हुनुपर्छ। यसअघि जिल्ला भित्रकै अन्य मतदान केन्द्रमा प्रतिनिधि खटाउन पाइने व्यवस्था रहे पनि यसपटक बाह्य वडा वा अन्य स्थानबाट प्रतिनिधि पठाउन नपाइने स्पष्ट गरिएको छ ।

### अमेरिका र इरान ..... ....

दक्षिण इरानस्थित दुई विद्यालयमा विस्फोट हुँदा ५१ जना विद्यार्थी मारिएको कतारस्थित अल जजिरा टेलिभिजनले जनाएको छ । अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्पले इरान विरुद्ध ठुलो सैन्य कारबाही सुरु गरिएको बताउँदै यस अवसरमा त्यहाँको अतिवादी सत्ता परिवर्तन गर्न इरानी नागरिकलाई आह्वान गर्नुभएको छ । अमेरिकी समाचार संस्था एपीले दुई जना अमेरिकी अधिकारीलाई उद्धृत गर्दै इरानमा भएको आक्रमणमा अमेरिकाको पनि संलग्नता रहेको बताएका छन् । गत वर्षको जुलाईमा इजरायल र इरानबिच युद्ध हुँदा अमेरिकाले इरानका आणविक केन्द्रहरूमा भीषण आक्रमण गरेको थियो ।

### आगामी बजेट ..... ... ....

रहेको अर्थ मन्त्रालयका प्रवक्ता टङ्कप्रसाद पाण्डेयले जनाउनुभएको छ ।

उहाँका अनुसार समितिमा निजी क्षेत्रबाट नेपाल उद्योग वाणिज्य महासङ्घ, नेपाल उद्योग परिसङ्घ, नेपाल चेम्बर अफ कमर्स, नेपाल उद्योग व्यापार महासङ्घ, नेपाल घरेलु तथा साना उद्योग महासङ्घ र नेपाल आर्थिक सङ्घका अध्यक्ष वा उनीहरूले तोकेका वरिष्ठ पदाधिकारी सदस्य रहने छन् ।

अर्थ मन्त्रालयले गठन गरेको समितिको कार्यक्षेत्रमा आयकर, मूल्य अभिवृद्धि कर (भ्याट), अन्त:शुल्क, डिजिटल सेवा कर, इकमर्स करलगायत आन्तरिक करसम्बन्धी नीतिगत र कानुनी सुधार बारे सुझाव दिने रहेको छ । यस्तै कर का दर पुनरवलोकन, प्रक्रया सरलीकरण, कर प्रणाली सुधार र राजस्व प्रशासनमा

मतदान किन गर्ने?

❖लोकतन्त्रमा नागरिकले शासन व्यवस्थामा सहभागी हुन।
❖योग्य जनप्रतिनिधिको छनौट गर्न।
❖नागरिक कर्तव्य निर्वाह गर्न।
❖जनतामा नीहित सार्वभौमसत्ताको प्रयोग गर्न।
❖निर्वाचनको माध्यमबाट शासन व्यवस्थालाई वैधता प्रदान गर्न।
❖असल, विवेकशील, गतिशील र दुरदर्शी नेतृत्व चयन गरी सुशासन कायम गर्न।

नेपाल सरकार
विज्ञापन बोर्ड

प्रकाशक/सम्पादक : विष्णुलाल बुढा
व्यवस्थापक : निराकुमारी बस्नेत
कानुनी सल्लाहकार : रामप्रसाद बुढा
सल्लाहकार : आङबहादुर लामा
लालिमान बुढा
सुरेन्द्र ढकाल
रविलाल खत्री
प्रमुख संवाददाता: बीरबहादुर बुढा
मुद्रक : हिमाली सुस्केरा अफसेट प्रेस
ठुलीभेरी नगारपालिका-३ दुनै, डोल्पा
Email : hsuskera@gmail.com
www.himalisuskera.com.np

## सम्पादकीय

# निर्वाचनको तयारी

देश निर्वाचनमा होमिएको छ । गएको भदौंमा भएको जेन्जी आन्दोलनमा भएको घुसपैठका कारण ढलेको सत्ता र विघटन गरिएको प्रतिनिधिसभा पुनस्थापना गर्नका लागि प्रतिनिधिसभा सदस्यदेशको निर्वाचन यही फागुन २१ गते हुन गैरहेको छ । लोकतन्त्र, प्रजातन्त्र र जनताको शासनलाई विकसित बनाउन, विश्वासनिय बनाउन, देशको शासन संचालनका लागि जनसमर्थन तथा जनादेश लिने प्रमुख उपाय नै निर्वाचन हो । त्यसैले लोकतन्त्र, प्रजातन्त्र र जनताको जनदेशका लीगि निर्वाचन आवश्यक छ । त्यस कारण निर्वाचन घोषणा भएर यही महिनाको २१ गते तथा आउने बिहिवार निर्वाचनको मुख्य दिन मतदान हुँदै छ । यस दिन विहान ७ बजेबाट बेलुकी ५ बजेसम्म मतदान हुने छ । मतदानका लागि निर्वाचन आयोग नेपालले निर्वाचनको तयारी अन्तिम चरणमा पुगेको जनाएको छ ।

मतदनका लागि आवश्यक मतपत्र, मतपेटीका, स्वस्तीक छाप, शील, नामावली लगायतका आवश्यक सामग्री सबै निर्वाचन क्षेत्रमा पुर्‍याएर मुख्य निर्वाचन अधिकृतको कार्यालयहरु, निर्वाचन अधिकृतको कार्यालयहरु र जिल्ला निर्वाचन कार्यालयहरुले सामग्री प्राप्त भएर मतदान टोलीलाई बुझाइसकिएको जनाएका छन् । निर्वाचनको मुख्य कार्य मतदानका लागि खटाइएका मतदान अधिकृत, सहायक मतदान अधिकृत लगायत सम्पूण निर्वाचन टोलीहरुको नियुक्ति गरेर आवश्यक निर्देशन भैसकेको जनाइएको छ । डोल्पामा रहेका ६८ वटा मतदान स्थल र २ वटा अस्थायी मतदान स्थलका मतदान अधिकृत र सहायक मतदान अधिकृतलाई अभिमुखिकरण संचालन गरिसकेर पनि निर्वाचन टोलीहरु आफूलाई खटाइएको सम्बन्धित मतदान स्थल तर्फ हिड्ने तयारी गरेका छन् भने डोल्पाको माथिल्लो भेगमा रहेका मतदान स्थलहरुमा हेलिकोप्टरबाट मतदान टोली लिन सुरु गरिएको छ ।

निर्वाचन देशको लोकतान्त्रिकरण, प्रजातान्त्रीकरणका लागि जनमत लिने सबैभन्दा उत्तम उपाय हो । यसलाई नजमत लिनका लागि अपनाइने सबैभन्दा राम्रो औजार मान्न सकिन्छ । जनताको स्वीकृति लिने, समर्थन लिने, चुनिने, छानिने तथा जनअनुमोदन प्राप्त गर्ने उपाय भन्नुस, औजार भन्नुस, विधि, प्रक्रिया भन्नुस तथा माध्यम भन्नुस निर्वाचन नै उपयुक्त मानिन्छ । किनकी कोही कसैले जति जे जसो दावी गरे पनि निर्वाचन अघिसम्म मात्र हो । निर्वाचन सम्पन्न भएर मतपरिणाम सार्वजनिक हुन्छ त्यति बेला जनताहरु तथा नागरिकहरुले को कसलाई देशमा कति समयका लागि शासन संचालन गर भनेर आदेश दिएको प्रमाणित हुन्छ । त्यो निर्वाचनले नै सबैलाई जिम्मेवार बनाउछ । निश्चित समयका लागि निश्चित उपायहरु अपनाई जनताले आफ्नो देशको राज्य सत्तालाई संचालन गरेर शासन गर भनेर जनमत दिने मुख्य माध्यम निर्वाचन हो । निर्वाचनबाट जो अनुमोदित हुन्छ त्यो नै शासन संचालन गर्न योग्य मानिन्छ । त्यसैले निर्वाचनमा निर्वाचन आयोगद्धारा जारी गरिएको आचारसंहिता कठोर रुपमा कार्यान्वयन हुनु आवश्यक छ । किनकी निर्वाचन आचारसंहिता पूर्ण पालना हुँदैन तब निर्वाचन स्वच्छ, निष्पक्ष, स्वतन्त्र, भयरहित वातावरणमा हुन सक्दैन ।

# मेरो पहिलो चुम्बन

प्रेमकृष्ण श्रेष्ठ
रातोपाटीबाट

.............
बनाउन सक्नुपर्छ प्रेमिकालाई स्वतन्त्रता दिएर दास
दिन सक्नुपर्छ प्रेमिकाको पँखेटा थुनेर आकास
हुन सक्नुपर्छ ऊसितै जीवन, ऊसितै लास
मानिस त यौनपछि
प्रेमी पनि मुक्त हुन्छ
प्रेमिकालाई पनि मुक्त हुन दिन्छ
अनि बाँधिदिन्छ जीवनभरि
प्रेमिकाको हातमा धोखाको हतकडी
लाउँछन् प्रेमीहरू आफ्ना नाडीमा
मैले 'त्यो महिलासँग यौन गरेको छु' को गर्विलो घडी
यस्तै स्वार्थ भएर त प्रेममा
मान्छेको यौन कसरी हरियो हुन्छ ?
त्यसैले त मानिसको यौन,
रात आए कालो
दिन आए निलो हुने
आकासको रंगजस्तो
निलो भयो,
मान्छेको यौन कहिले हरियो सकेन ।

'स्वर्गीय आमाको तस्बिर'

एउटा फूल म फुल्दै गर्दा,
अर्को फूल डालीबाट चुँडिएर झरेझैँ
आमा डालीबाट सधैँका लागि चुँडिएर जानुभयो ।
यी आँखाहरूले बिहानी मिर्मिरे ठम्याउन नपाउँदै,
आमाका आँखाहरू चिरनिद्रामा मस्त भइसकेका थिए ।

मनको क्यानभासमा आमाको चित्र नकोर्दै,
मुटुको भित्तामा आमाको तस्बिर नझुन्डिँदै,
महाकाल नामको भहाभूकम्पको कम्पनले
मेरो मस्तिष्कमा रहेको आमाको धमिलो तस्बिर
निर्दयी भुइँमा डयाम्म पछारिदिएपछि
स्मृतिहरू काँचको मुटुसरी फुटेर गए ।

सम्झनाको क्यामेराले खिच्न नभ्याएको तस्बिर पनि
दुई आँखाको भेलमा कता बगे, कता,
म भने यतिबेला कल्पनाको विश्वासिलो वर्तमानमा
आमाको ममता नामको सुन्दर तस्बिर खोजिरहेछु ।

एक आँगन बिस्कुनले घामको प्रतीक्षा गरेझैँ,
साँझपख डाँडापारिबाट आउने जून पो हो कि मेरी आमा,
मायाले छोएर जाने एक झोक्का सिरेटो पो हुन् कि मेरी आमा ।

मेरी आमाको तस्बिर हेर्ने एक तन्द्रा सपना
परेलीको डिल छोएर बग्ने एक कोमल नदी
आकासले थिचेर भत्किएको मन
वियोगान्तको गहिराइमा डुबेको मस्तिष्क ।

मेरी आमाको नागरिकताले त मलाई आमा पक्कै चिनाउँछ
सन्दुक खोलेर हेरेँ- नेपाली कागजमा टाँसिएको थियो
एक श्यामश्वेत, मेटिएको तस्बिर ।

इन्द्रेणीका सातै रङहरूमा खोजेँ, मेरी आमाको रङ,
संगीतका सातै स्वरमा खोजेँ, मेरी आमाको बोली,
सातै दोबाटोमा खोजेँ, मेरी आमाका पाइलाहरू ।

एक लास, एक चिहान, मुर्दाघाटमा पुगेर सोधेँ-
त्यो सन्नाटाले पनि देखाएन आमाको तस्बिर, ......

खेलकुद

# आइसिसी विश्वकप लिग २ को तयारी

सुस्केरा समाचारदाता

डोल्पा, फागुन । यही फागुन २६ देखि चैत ६ गतेसम्म नेपालमा आयोजना हुने आइसिसी विश्वकप लिग–२ को बन्द प्रशिक्षणका लागि २० खेलाडी बन्द प्रशिक्षणमा बोलाईएको छ ।

नेपाल क्रिकेट सङ्घ (क्यान) ले राष्ट्रिय टोलीमा नियमित खेलिरहेका र जारी जय ट्रफीमा गरेको प्रदर्शनका आधार मा २० खेलाडीलाई प्रशिक्षणमा बो लाएको हो ।

त्रिकोणात्मक एकदिवसीय सिरिजमा नेपालसहित संयुक्त अरव इमिरेट्स र ओमान रहेको छ । नेपालले दुई वर्षपछि घरेलु मैदानमा त्रिकोणात्मक सिरिज खेल्न लागेको हो ।

आठ देश सहभागि लिग–२ मा नेपाल अहिले १२ अङ्कसहित सातौं स्थानमा छ । नेपालले सिरिजको पहिलो खेल ओ मानसँग २६ गते खेल्नेछ ।

बन्द प्रशिक्षणमा बोलाइएका खेलाडी रोहित पौडेल (कप्तान), दीपेन्द्रसिंह ऐरी, सन्दीप लामिछाने, कुशल भुर्तेल, आरिफ शेख, आसिफ शेख, अर्जुन साउद, भीम सार्की, बसिर अहमद, गुल्शन झा, सोमपाल कामी, करण केसी, नन्दन यादव, रिजन ढकाल, ललित राजवंशी, शाहब आलम, शेर मल्ल, इशान पाण्डे, आकाश चन्द र हेमन्त धामी ।

उता विभागीय टोली एपिएफ क्लब र नेपाल पुलिस क्लबले एन्फा राष्ट्रिय लिगमा बराबरी खेल्दै अङ्क बाँडेको छ । त्रिपुरेश्वरस्थित दशरथ रङ्गशालामा शनिबार भएको खेलमा दुवै पुलिसले २–२ गोलको बराबरी खेल्दै अङ्क बाँडे को हो । बराबरीसँगै शीर्षस्थानमा रहे को एपिएफ अगाडि छ ।

# लोकतन्त्रपछि विकासमा फड्को

- श्रीमन नारायण

........... विसं २०४७ सम्म देशमा ८,८५१ किलोमिटर सडक सञ्जाल मात्रै थियो भने अहिले यो ३४ हजार २७४ किलोमिटरसम्म पुगेको छ । पहिला देशभरिमा एक हजार ९६ स्वास्थ्य चौकी मात्रै थिए भने अहिले यसको सङ्ख्या ७,८९८ पुगेको छ । साक्षरता दर पहिला ३९.६ प्रतिशत रहेकोमा हाल ७६.२ प्रतिशत रहेको छ । पहिला बाल मृत्यु दर ९७ रहेकोमा अहिले यो १६ मा पुगेको छ ।

०४७ सालसम्म त देशमा नेपाल स्टक एक्सचेन्जको स्थापना नै भएको थिएन । सन् १९९४ मा यसको स्थापना भयो । कुल गार्हस्थ उत्पादन (जिडिपी) १०३ अर्ब रुपियाँ रहेकोमा हाल यो ६,१०७.२२ अर्ब पुगेको छ । औसत आयु पहिला ५४.८३ वर्ष रहेको मा हाल यो ७२.१९ वर्ष पुगेको छ । वार्षिक पर्यटक आगमन २.५४ लाख रहेकोमा अहिले यो १२ लाखभन्दा बढी पुगेको छ । २०४७ सालसम्म देशमा पाँच वटा पाँचतारे होटल रहेकोमा हाल यसको सङ्ख्या पनि २८ पुगेको छ । २०४७ सालसम्म कुल बैङ्क तथा वित्तीय संस्थाका सङ्ख्या ४४१ रहेको मा हाल यसको सङ्ख्या ११,५१६ पुगेको छ । कुल निक्षेप रकम २२ अर्ब रुपियाँ रहेकोमा हाल यो ६७ खर्ब पुगेको छ । सवारीसाधनको सङ्ख्या ७६ हजार ३७८ रहेकोमा अहिले ५५.३ लाख रहेको छ । २०४७ सालसम्म देशले कुल सात अर्ब रुपियाँ बराबरको निर्यात गर्ने गरे कोमा अहिले यो दुई सय अर्ब रुपियाँ पुगेको छ । २०४० सालसम्म १२ कक्षा उत्तीर्ण गरेकाको सङ्ख्या २.८८ प्रतिशत रहेकोमा अहिले यो ४०.६० प्रतिशतसम्म पुगेको छ । अनेकौं यस्ता क्षेत्र छन्, जहाँ विगत ३५ वर्षमा उल्ले ख्य प्रगति भएको छ । पञ्चायती व्यवस्थामा जति पनि कलकारखाना खुले ती सबै विदेशी सहयोगमा खुले का थिए । नेपाल सरकारसित त्यति पैसा नै थिएन ।

मलेसियाका महाथीर मोहम्मदले आफ्नो देशमा निरङ्कुशतापूर्वक शासन चलाए । स्वदेशी उत्पादनलाई बढावा दिए । वैदेशिक लगानी भित्र्याउन कन्जुस्याइँ गरेनन् र देशलाई विकसित बनाए । उनले पनि राष्ट्रियताको सङ्कीर्ण नारा लगाएको भए मलेसिया पनि नेपाल, पाकिस्तान, बङ्गलादेश, श्रीलङ्का र अफगानिस्तानकै अवस्थामा रहने थियो । हुन त सबै नेता सिङ्गापुर बनाउने वाचा गर्छन् तर सिङ्गापुर बनाउन सजिलो हुँदैन ।

लि क्युआन जसलाई आधुनिक सिङ्गापुर को विकासका एक महान् अभियन्ता मानिन्छ, उनी पनि आफ्नो देशमा निरङ्कुशता लागु गरेर नै देश विकास गरेका थिए । चीनले आर्थिक विकास गर्नुको मुख्य कारण एकदलीय शासन हुनु नै हो । भारत लोकतान्त्रिक दे श भएर पनि यति धेरै विकास हुनु सामान्य उपलब्धि होइन । नेपालसहित दक्षिण एसियाका अधिकांश देश जहाँ लोकतान्त्रिक शासन छ, त्यहाँका जनतालाई लोकतन्त्र मन पर्छ भार तको जस्तो शासन प्रणालीलाई नै आत्मसात् गर्नु पर्छ । लोकतन्त्रको सुदृढीकरणको निम्ति जनताको त्याग र समर्पण चाहिन्छ । जनताभन्दा बढी नेता र शासकको इमानदारी, समर्पण राष्ट्रप्रेम र दृष्टिकोण चाहिन्छ । नेपालमा विगत साढे तीन दशकमा भएका विकास कार्य सन्तोषजनक मात्रै होइन, उत्साहबर्धक छन् । आशावादी पानीले भरिएको आधा ग्लासमा पनि सन्तुष्टि व्यक्त गर्छन्, जबकि निराशावादी त्यसलाई आधा ग्लास खाली मात्रै हेर्ने गर्छन् । .(गोप)

संस्कृति, कला, बाल संशार



होलिको रमाइलो बालबालिकाका लागि ।

# इरानमाथिको आक्रमण विनाशकारी

सुस्केरा समाचारदाता

काठमाण्डौं, फागुन । रुसले शनिबार अमेरिका र इजरायलले इरानमाथि गरेको आक्रमणलाई ‘खतरनाक’ र ‘विनासकारी’ भन्दै यसको निन्दा गरे को छ ।

क्रेमलिनले बढ्दो तनाव र इरानमा सम्भावित अमेरिकी हस्तक्षेपको रिपोर्टको बीचमा संयम अपनाउन आह्वान गरिरहेको छ । युक्रेन आक्रमणको क्रममा तेहरान रूसको सबैभन्दा नजिकको सहयोगीको रूपमा देखा परेको छ ।

रुसको विदेश मन्त्रालयले शनिबार एक विज्ञप्ति जारी गरी भनेको छ, “वासिङ्टन र तेल अभिभले फेरि एक ‘खतरनाक’ र ‘विनासकारी’ यात्रा सुरु गरेका छन्, जसले यस क्षेत्रलाई मानवीय, आर्थिक र अस्वीकार गर्न नसकिने विकिरणजन्य विपत्तिको नजिक पुर्‍याइरहेको छ ।

“आक्रमणकारीहरूको मनसाय बल र प्रभुत्ववादको आदेशलाई स्वीकार गर्न अस्वीकार गरेको इरानको संवैधानिक व्यवस्था नष्ट गर्ने र आफूलाई अवाञ्छित लाग्ने राज्यको सरकारलाई अपदस्थ गर्ने रहेको स्पष्ट र खुला रूपमा घोषणा गरिएको छ,“ विज्ञप्तिमा भनिएको छ ।

“यस मानव निर्मित सङ्कटको नकारात्मक परिणामहरू, अप्रत्याशित श्रृङ्खलाबद्ध प्रतिक्रिया र हिंसाको बढ्दो चक्रसहितको जिम्मेवारी पूर्ण रूपमा उनीहरूमा छ,“ मन्त्रालयले भनेको छ ।

रुसले अन्तर्राष्ट्रिय कानुन, आपसी सम्मान र सन्तुलनमा आधारित शान्तिपूर्ण समाधानको खोजीमा यो गदान दिन आफू तयार रहेको बताएको छ ।

मस्कोले रुसीहरूलाई इरान छोड्न आग्रह गरेको छ र इजरायलमा रहेका आफ्ना नागरिकहरूका लागि पनि यस्तै चेतावनी जारी गरेको छ ।

# सामान्य ज्ञान २४

१. नेपाललाई विश्वस्तरीय खेलकुद केन्द्रको रूपमा स्थापित गर्ने उद्देश्यका साथ ‘नेपाल स्पोर्ट्स समिट २०२६’ -एनएसएस २०२६) का लागि तय गरिए को मिति कुन हो ?

☐ विसं २०८२ माघ २२ -सन् २०२६ फेब्रुअरी ५)

२. भारत र युरोपेली सङ्घ -इयु) बिच करिब बहुप्रतीक्षित व्यापार सम्झौता कहिले भएको हो ?

☐ सन् २०२६ जनवरी २७

- भारत र युरोपेली सङ्घ -इयु) ले २७ जनवरीमा एक मह☐वपूर्ण स्वतन्त्र व्यापार सम्झौता -एफटीए) घोषणा गरेका छन् ।
- विश्व अर्थतन्त्र परिवर्तनको चरणमा रहेको बेला भारत र युरोपेली सङ्घ दुवै पक्ष बर्सौंसम्म चलेको जटिल वार्तापछि सम्झौतामा पुगेका हुन् ।
- यससँगै करिब दुई अर्ब जनसङ्ख्या र विश्व अर्थतन्त्रको झन्डै एक–चौथाइ हिस्सा ओगट्ने यी दुई पक्ष अब आर्थिक सहकार्यको नयाँ चरणमा प्रवेश गरेका छन् ।
- यस सम्झौताले आपसी व्यापारलाई नयाँ उचाइमा लैजानुको साथै भारतलाई विश्वव्यापी म्यानुफ्याक्चरिङ र निर्यात केन्द्रका रूपमा अझ बलियो बनाउने जनाइएको छ ।
- भारतले युरोपेली सङ्घलाई पेट्रोलियम पदार्थ, इलेक्ट्रोनिक्स र कपडा निर्यात गर्छ भने युरोपेली सङ्घबाट भारतले मेसिनरी, विमान, मेडिकल सामग्री र उच्च प्रविधिका सामान आयात गर्छ ।

# निर्वाचनमा हाम्रो दायित्व

- कृष्णहरि बास्कोटा

अबको केही दिन अर्थात् आगामी २०८२ फागुन २१ गते प्रतिनिधि सभाका सदस्यको निर्वाचन हुँदै छ । यसमा आममतदाताले मतदान गरी निर्वाचनमा सहभागिता जनाउनु पर्छ । अन्य नागरिकले पनि निर्वाचनको महाअभियानमा सघाउनु पर्छ । लोकतन्त्रमा मुलुकको सार्वभौमसत्ता आमजनतामा निहित हुन्छ । यिनै मतदातारूपी जनताले निर्वाचनको माध्यमद्वारा प्रतिनिधि सभामा रहने सदस्यको छनोट गर्छन् । पाँच वर्षका लागि मुलुकको कानुन निर्माण गर्ने र शासन सञ्चालन गर्ने जिम्मेवारी सुम्पिन्छन् । आमनिर्वाचन लोकतन्त्रको प्रवर्धन र संरक्षण गर्ने एउटा महा अभियान हो ।

आगामी निर्वाचन गराउने जिम्मेवारी निर्वाचन आयोगको काँधमा छ । यो स्वतन्त्र संवैधानिक निकाय हो । यो सरकार मातहतको निकाय होइन । यसले स्वच्छ, स्वतन्त्र, निष्पक्ष र विश्वसनीय निर्वाचन गराउँछ । अठार वर्ष उमेर पुगेका आमनेपाली नागरिक एवं मतदाताले निर्वाचन आयोगले सम्पन्न गराउने निर्वाचनमा सहभागी भई नागरिकको कर्तव्य पालना गर्नु पर्छ । निर्वाचन आयोगको मुख्यालय काठमाडौंमा छ । सातै वटा प्रदेश र ७७ जिल्लामा यसका कार्यालय छन् । आफूलाई दुविधा भएको विषयमा ती कार्यालयमा सम्पर्क राख्न सकिन्छ । आयोगले सञ्चालन गरेको कल सेन्टर र आयोगको वेबसाइटबाट पनि भरपूर सूचना हासिल गर्न सकिन्छ । लोकतन्त्रको प्राण वायुका रूपमा रहेको सूचनाको हकको उपयोग गरी आममतदाता अनावश्यक अफवाहमा नपरी आगामी निर्वाचनका लागि पूर्णतः आश्वस्त र ढुक्क हुनु पर्छ ।

फागुन २१ गते प्रतिनिधि सभाका २७५ जना सदस्य छनोटका लागि निर्वाचन हुँदै छ । यसमा ७७ जिल्लाबाट १६५ जना प्रत्यक्ष रूपमा निर्वाचित हुन्छन् । यसै गरी ११० जना समानुपातिक निर्वाचनबाट निर्वाचित हुने कानुनी व्यवस्था छ । यसरी हामी मतदाताले एकै पटक प्रत्यक्ष र समानुपातिक गरी दुई वटा मतपत्रमा आफ्नो मत हाल्नु पर्छ । प्रत्यक्षतर्फको मतदानबाट सर्वाधिक मत ल्याउने उम्मेदवार विजयी हुन्छन् । समानुपातिकतर्फ राजनीतिक दलको चुनाव चिह्नमा मत खसाएपछि सोको राष्ट्रियस्तरमा मत गणना भई मतसङ्ख्याको आधारमा समानुपातिकतर्फका उम्मेदवार निर्वाचित हुन्छन् । हामी मतदाताले एउटा मतपत्रमा प्रत्यक्षतर्फ मतदान गरी आफूले मतदान गरेको उम्मेदवार विजयी वा पराजित भए भनी मत गणनापछि जानकारी पाउँछौं । समानुपातिकतर्फको मतदानबाट कुन उम्मेदवार विजयी भए वा कुन उम्मेदवार पराजित भए हामी मतदातालाई प्रत्यक्ष जानकारी हुँदैन । निर्वाचनपछि निर्वाचन आयोगले कुन दलबाट कोको समानुपातिक उम्मेदवार कुन कुन क्लस्टरबाट विजयी भए भनी जानकारी गराउँछ । यसरी प्रत्यक्ष निर्वाचनबाट हामी मतदाताले व्यक्तिको छनोट गर्दछौं भने समानुपातिक मतदानबाट राजनीतिक दलको छनोट गर्दछौं भनी हेक्का राख्नु पर्छ ।

निर्वाचन आचारसंहिताले नेपालमा हुन गइरहेको प्रतिनिधि सभाको निर्वाचनमा भ्रामक विज्ञापन गर्न रोक लगाइएको छ । स्वच्छ, मर्यादित र विश्वनीय निर्वाचनका लागि सबै नेपालीले आआफ्नो स्थानबाट सहयोग गर्नु पर्छ । कसैलाई होच्याउने र भ्रम सिर्जना गर्ने काम गर्नु हुँदैन । आममतदाता निर्वाचनमा मतदान गर्न सक्रिय हुनु पर्छ । नेपालको प्रचलित कानुन अनुसार नागरिकताको प्रमाणपत्र भएको व्यक्ति १८ वर्ष पूरा भएपछि निर्वाचन आयोगको प्रक्रिया अनुसार मतदाता नामावलीमा सूचीकृत हुनु पर्छ । यसपछि आफ्नो फोटोसहितको मतदाता परिचयपत्र बन्छ । आगामी फागुन २१ गतेको निर्वाचनमा मतदान गर्न जाँदा सोही परिचयपत्र लिएर जानु पर्छ ।

सामान्यतः मतदान गर्न जादा नागरिकताको प्रमाणपत्र, जग्गाको लालपुर्जा, सवारीचालक अनुमतिपत्र, राष्ट्रिय परिचयपत्र वा राहदानी लिएर जानु पर्दैन । निर्वाचन आयोगले जारी गरेको मतदाता परिचयपत्र भए पुग्छ । मतदाता नामावलीमा नाम समावेश भएको र कुनै कारणवश मतदाता परिचयपत्र फेला नपरेको अवस्थामा भने माथिका पाँच वटामध्ये कुनै एउटा कागजातको सक्कलै लिएर जाँदा मतदान गर्न पाइने व्यवस्था छ । यस्ता कुराको जानकारीका लागि निर्वाचन आयोगले मतदाता जागरण कार्यक्रम सञ्चालन गरिरहेको छ । यसमा सहभागी भई निर्वाचनसम्बन्धी अधिक जानकारी हासिल गर्नु पर्छ । निर्वाचन आयोगको वेबसाइटबाट पनि आवश्यक सूचना सङ्कलन गर्न सकिन्छ । लोकतन्त्रमा आफ्नो अधिकारको उपयोगका लागि सुसूचित हुन पाउनु आमनागरिकको नैसर्गिक अधिकार हो ।

आगामी फागुन २१ गते अर्थात् निर्वाचनको दिन सवारीसाधन प्रयोग गर्न पाइन्न । निर्वाचनसम्बन्धी काममा विदेशी नम्बर प्लेटको सवारीसाधनको प्रयोग पनि गर्नु हुँदैन । एक जना उम्मेदवारले मतदानको दिन अनुमति लिएर अधिकतम दुइटासम्म सवारी साधन वा चार वटासम्म घोडा प्रयोग गर्न पाइने आचारसंहितको व्यवस्था छ । मतदान हुने दिन सार्वजनिक यातायात सञ्चालन हुँदैन । आफ्नो मतदान केन्द्र कहाँ परेको छ भनी मतदान हुनु २४ दिन पहिल्यै जानकारीमा राख्नु पर्छ । एम्बुलेन्स, दमकल, खानेपानी ट्याङ्कर, दुध ढुवानी, शव वाहन, अस्पताल सेवा, दूरसञ्चार, विद्युत सेवा जस्ता अत्यावश्यक सवारीसाधन र कूटनीतिक नम्बर प्लेटका सवारी साधन सञ्चालनमा भने अनुमति लिनु पर्दैन । यी सवारीसाधनको दुरुपयोग गर्न भने निषेध छ ।

आगामी फागुन २१ गते मतदान गने समय बिहान ७ बजेदेखि बेलुकी ५ बजेसम्म हुने छ । समयमै मतदाता परिचयपत्र लिएर मतदान केन्द्रमा पुग्नु पर्छ । त्यहाँ सर्वप्रथम आफ्नो नाम भिडाउनु पर्छ । महिला र पुरुषको लाइन भिन्दाभिन्दै हुन्छ । सामान्यतः जुनसुकै मतदाताले पनि लाइनको प्रयोग गर्नु पर्छ । मतदान स्थलमा प्रवेश गर्ने द्वार र बाहिरिने ढोका फरक हुन्छ । मतदान केन्द्रको वरिपरि होहल्ला गर्न निषेध हुन्छ । मतदान गरिसकेपछि निवासमै फर्किनु पर्छ । मतदान गर्नुपूर्व औँलामा मसी लगाएर मतपत्र प्राप्त हुन्छ । सो मतपत्रमा निर्वाचन आयोगले दिएको स्वस्तिक छाप लगाउनु पर्छ । सो बखत मसी लतपत नहुने गरी छाप लगाउनु पर्छ र मतपत्र पट्याएर बाकसमा खसाल्नु पर्छ । आफूले मतदान गरेको कसैले पनि देख्दैनन् । त्यहाँ सिसी क्यामरा जडान भएको हुँदैन । मतपत्र भने सबैले देख्ने गरी बाकसमा खसाल्नु पर्छ । यी सबै कार्यको फोटो खिच्न निषेध हुन्छ । मतदानस्थलमा मतदाता परिचयको अलावा अन्य मोबाइल फोनलगायतका अनावश्यक सामग्री साथमा लिएर जानु हुँदैन । सबैले आफ्नो अमूल्य मतको सदुपयोग गर्नु पर्छ ।

हरेक मतदान केन्द्रमा पूर्णतः सुरक्षा प्रदान गरिएको हुन्छ । त्यहाँ स्वयंसेवक खटिएका हुन्छन् । उम्मेदवारका प्रतिनिधि पनि हुन्छन् । निर्वाचनमा खटिएका कर्मचारीसमेत हुने हुँदा आवश्यक सहयोग लिन सकिन्छ । निर्वाचनमा कुन उम्मेदवार र राजनीतिक दल छान्ने भन्ने आफ्नो नैसर्गिक अधिकार हो । यसमा विवेक पुऱ्याएर मतदान गर्नु पर्छ । मतपत्रमा स्वस्तिक चिह्न प्रयोग गर्दा हडबड नगरी समय लिनु पर्छ । यसमा कुनै समय सीमा तोकिएको छैन । मतदान गरेपछि वा गर्नुअघि आफन्त वा चिनजानका व्यक्तिसँग मतदान का विषयमा छलफल गर्न सकिन्छ । मेरो मत यस उम्मेदवारमा जान्छ वा यस उम्मेदवारलाई मतदान गरे भनी सार्वजनिक रूपमा प्रकट गर्नु हुँदैन । यो गोप्य मतदान हो । कसैले मैले यसमा भोट हाले भने पनि सो पुष्टि गर्ने आधार कसैसँग पनि हुँदैन । कारण स्वस्तिक चिह्न प्रयोग गरेको मतपत्र सार्वजनिक गर्न पाइन्न । मतपत्रमा स्वस्तिक चिह्न हानेपछि सोको फोटो खिच्न निषेध छ । यी सबै कुरा आचारसंहिताभित्र पर्छन् ।

आममतदाताले संविधान र कानुन एवं असल नागरिकको कर्तव्य अनुरूप मतदान गर्न जानु पर्छ । यसअघि उम्मेदवार वा राजनीतिक दलको घोषणापत्र अध्ययन गर्नु पर्छ । नेपालको संविधान ले मुलुकको सार्वभौमसत्ता नेपाली जनताको काँधमा सुम्पिएको छ । यो भनेको आफ्नो शासन आफैँद्वारा आफैँलाई गर्ने हो । यस खातिर प्रतिनिधि सभालगायतको निर्वाचन हुन्छ । आगामी फागुन २१ गते प्रतिनिधि सभाका सदस्यको निर्वाचन हुँदै छ । सो प्रतिनिधि सभाबाट प्रधानमन्त्रीको नियुक्ति लागि मतदान हुन्छ । यसरी मुलुकको शासन सञ्चालनको जिम्मेवारी लिने जनप्रतिनिधिको छनोटमा हामी सबै सहभागी हुनु पर्छ । यो नागरिकको कर्तव्य हो । यस्तो पुनित कार्य गर्ने क्षणमा अमर्यादित भाषाको प्रयोग वा घृणाजन्य अभिव्यक्तिमाथि पूर्णत रोक लगाइएको छ । सबैले यसको पालना गर्नु पर्छ ।

सामान्यतः निर्वाचनका बखत फजुल खर्च हुने गरेको छ । बढी खपत हुँदा खोजेको बखत आवश्यक सामान नपाइन सक्छ । यसमा सर्वसाधारण सजग हुनु पर्छ । राजनीतिक दल र उम्मेदवारको गतिविधिले घरभाडा वृद्धि हुन्छ । निर्वाचनको मुखमा ..(गोपबाट)


## भू-संरक्षण गरौं ।

भू-संरक्षणका उपायहरु :

- गोरेटो बाटो बनाउँदा सिढी बनाऔं,
- खेती गर्दा गहरा बनाइ गरौं,
- भूक्षय रोक्ने रुख, घाँस जस्ता बोटबिरुवा रोपौं,
- बिना अनुमति गिट्टी, बालुवा, माटो, ढुंगा उत्खनन नगरौं,
- सकेसम्म माटोमा रासायनिक मलको प्रयोग नगरौं,
- पानी संरक्षणका उपायहरु अपनाऔं,
- स्थानीय जैविक खेती, कृषि वन विधि अपनाऔं ।

मुड्केचुला गाउँपालिका, डोल्पा

# नेपालको अन्तराष्ट्रिय छवि

- युवराज अधिकारी

एक्काइसौँ शताब्दीको विश्व राजनीतिमा कुनै पनि देशको शक्ति केवल उसको सैन्य बल वा आर्थिक सूचकाङ्कमा मात्र मापन गरिँदैन । वर्तमान युगमा (सफ्ट पावर) अर्थात् आफ्नो विचारधारा, संस्कृति र छविका माध्यमबाट अरूलाई प्रभावित पार्न सक्ने क्षमता नै वास्तविक शक्ति हो भन्ने यथार्थता उजागर भइसकेको छ । यस्तो शक्ति निर्माणको सबैभन्दा ठुलो माध्यम भनेको विश्वव्यापी सञ्चार माध्यम हुन् । अन्तर्राष्ट्रिय सञ्चार माध्यमहरूले राष्ट्रहरूको भौगोलिक सिमानालाई मात्र होइन, उनीहरूको पहिचान र अस्तित्वलाई समेत पुनर्परिभाषित गरिरहेका छन् । नेपाल जस्ता देश र भूराजनीतिक रूपमा संवेदनशील राष्ट्रका लागि बाह्य सञ्चार माध्यमले निर्माण गर्ने भाष्य (न्यारेटिभ्स) हरू नै अन्तर्राष्ट्रिय स्तरमा देशलाई हेर्ने र बुझ्ने मुख्य आँखीभ्याल बनेका छन् । विडम्बनाको कुरा के छ भने, विश्वव्यापी सञ्चार माध्यमको यो (लेन्स) सधैँ स्वच्छ र निष्पक्ष हुँदैन, यसमा प्रायः शक्तिशाली राष्ट्रहरूको स्वार्थ र बजार मागको रङ्ग मिसिएको हुन्छ । उनीहरूले चाहे अनुसार भाष्य, व्याख्या, विवशता र व्यवस्था निर्माण गरिदिएका हुन्छन् ।

ऐतिहासिक विरासत र चित्रणको कैदमा नेपालको अन्तर्राष्ट्रिय छविको निर्माण प्रक्रियालाई बुझ्न केही दशक पछाडि फर्कनुपर्ने हुन्छ । पश्चिमी अन्वेषक, पर्वतारोही र लेखकहरूले नेपाललाई एक आध्यात्मिक केन्द्र, सगरमाथाको देश र कहिल्यै कसैको उपनिवेश नभएको बहादुर गोर्खालीको भूमिका रूपमा चित्रित गरे । यो चित्रणले नेपाललाई विश्वमाझ एउटा विशिष्ट पहिचान त दिलायो तर यसको एउटा नकारात्मक पक्ष पनि रह्यो । यसले नेपाललाई एक आधुनिक र प्रगतिशील राष्ट्रका रूपमा भन्दा पनि एउटा स्थिर सांस्कृतिक अवशेषका रूपमा स्थापित गरिदियो । विश्वव्यापी मिडियाले नेपाललाई सधैँ हिमाल, गुम्बा र परम्परागत जीवनशैलीको घेराभित्र मात्र देख्न चाह्यो र आफ्ना मिडियामा सोही विषयलाई मात्र परिस्कृत गरिरह्यो । यसले नेपालको राजनीतिक चेतना, लोकतान्त्रिक सङ्घर्ष र आर्थिक विकासका आकाङ्क्षा बाह्य संसारका लागि सधैँ ओझेलमा पारिरहे । नेपाल केवल पर्यटकका लागि घुम्ने ठाउँ मात्र हो, यहाँका मानिसको आफ्नै कूटनीतिक, राजनीतिक र आर्थिक एजेन्डा छन् भन्ने विश्वव्यापी भाष्यमा कहिल्यै प्राथमिकतामा पारेन ।

अन्तर्राष्ट्रिय सञ्चार माध्यममा नेपालको उपस्थिति घटना प्रधान (एपिसोडिक) मात्र हुने गरेको छ । यसको अर्थ यो हो कि नेपालमा जब कुनै ठुलो विपत् आउँछ वा राजनीतिक उथलपुथल हुन्छ, तब मात्र विश्वका ठुला समाचार संस्थाहरूको क्यामेरा नेपालतिर सोझिन्छ । विशेष गरी सन् २०१५ को विनाशकारी भूकम्पका बेला नेपालले पाएको विश्वव्यापी कभरेज र युवापुस्ता (जेनजी) आन्दोलनको समयमा भएका अन्तर्राष्ट्रिय सञ्चार माध्यमको उपस्थिति यसका ज्वलन्त उदाहरण हुन् । उक्त समयमा नेपालको मानवीय पक्षलाई उजागर त गरियो तर त्यससँगै नेपाललाई एउटा सधैँ सहायताको पर्खाइमा रहेको कमजोर भ्रष्टाचार मात्र हुने राष्ट्रका रूपमा चित्रितसमेत गरियो । सञ्चारशास्त्रमा यसलाई डिजास्टर पोर्नोग्राफीको एक रूप मानिन्छ, जहाँ सङ्कट र पीडालाई बढी प्राथमिकता दिइन्छ ताकि दर्शकको सहानुभूति बटुल्न सकियोस् । यसले गर्दा विश्व समुदायमा नेपालको छवि एक अक्षम र परनिर्भर देशका रूपमा निर्माण भएको छ । भूकम्पपछि नेपालले गरेको पुनर्निर्माण, स्थानीय समुदायको लचिलोपन र आफ्नै स्रोतसाधनबाट उठ्ने प्रयासलाई अन्तर्राष्ट्रिय मिडियाले निकै कम स्थान दिएको पाइन्छ । फलस्वरूप, विश्वव्यापी लगानीकर्ता र कूटनीतिज्ञमा नेपाललाई हेर्ने दृष्टिकोण जोखिमपूर्ण मात्र रहन गयो, जसले गर्दा प्रत्यक्ष वैदेशिक लगानी र दीर्घकालीन साझेदारी मा असर पुगिरहेको छ । उनीहरूले मात्र होइन नेपाली केही मिडियाले समेत यथार्थपरक भन्दा एपिसोडिक प्रचारबाजीलाई थप मलजल गर्ने गरेको पाइन्छ ।

नेपालको अन्तर्राष्ट्रिय छविलाई प्रभावित पार्ने अर्को प्रमुख पक्ष भनेको यसको भौगोलिक अवस्थिति हो । अन्तर्राष्ट्रिय मिडियाले नेपाललाई सधैँ भारत र चीनको चस्माबाट मात्र हेर्ने प्रयास गर्छन् । अधिकांश रिपोर्टिङमा नेपाललाई एउटा स्वतन्त्र पात्रभन्दा पनि दुई ठुला शक्ति राष्ट्रबिचको एउटा मञ्चका रूपमा प्रस्तुत गरिन्छ । जब नेपालले आफ्नो हितका लागि कुनै वैदेशिक सम्झौता वा कूटनीतिक पहल गर्छ, तब विश्वव्यापी सञ्चार माध्यमले त्यसलाई तुरुन्तै चीनको प्रभाव वा भारतको रणनीतिक चिन्तासँग जोडेर व्याख्या गर्ने गर्छन् । यस्तो फ्रेमिङले नेपालको रणनीतिक स्वायत्तता र सार्वभौम निर्णय प्रक्रियालाई बेवास्ता गरिरहेको हुन्छ । जसले गर्दा नेपालको आफ्नै परराष्ट्रनीति र यसले विश्व शान्ति वा क्षेत्रीय स्थिरतामा खेल्न सक्ने भूमिकालाई गौण बनाइदिन्छ । नेपालको अन्तर्राष्ट्रिय छवि एउटा असुरक्षित मध्यवर्ती राज्यको रूपमा मात्र सीमित हुन पुगेको अनुभव हुन्छ । हामीले बुझ्नुपर्ने कुरा के छ भने, सञ्चार माध्यमले गर्ने यस्ता चित्रणले कतिपय अवस्थामा अन्तर्राष्ट्रिय कूटनीतिक टेबलमा नेपालको बार्गेनिङ पावरलाई समेत कमजोर बनाइरहेको हुन्छ, जुन अहिले हामीले नेपालका उच्चस्तरीय वैदेशिक भ्रमणमा हुने व्यवहारले यसलाई संसारभर उजागर गरिसकेको छ ।

अहिलेको विश्वमा जलवायु परिवर्तन एक प्रमुख मुद्दा हो र यसमा नेपालको चर्चा अनिवार्य हुनुपर्ने हो । हिमाली देश हुनुको नाताले नेपाल जलवायु परिवर्तनको असर पर्ने राष्ट्रको अग्रपङ्क्तिमा छ । अन्तर्राष्ट्रिय मिडियाले नेपाललाई जलवायु परिवर्तनको पीडितका रूपमा धेरै प्रस्तुत गरेका छन् । हिमाल पग्लिरहेको, हिमताल विस्फोटको खतरा बढेको र जैविक विविधता सङ्कटमा परेका समाचारले विश्वव्यापी ध्यान त खिचेका छन्, तर यो भाष्य अधुरै छ । नेपाल केवल पीडित मात्र होइन, यो संरक्षणको क्षेत्रमा एक सफल मोडल हुन सक्ने कुरा देखाइँदैन ओझेलमै राखिन्छ । सामुदायिक वन व्यवस्थापनमा नेपालले हासिल गरेको सफलता, शून्य कार्बन उत्सर्जनको प्रतिबद्धता र स्थानीयस्तरमा गरिएका अनुकूलनका प्रयास विश्वका लागि अनुकरणीय हुनुपर्नेमा विश्वव्यापी सञ्चार माध्यमले यी सफलताका कथालाई विरलै स्थान दिन्छन् । जबसम्म हामीलाई केवल पीडितका रूपमा मात्र देखाइन्छ, तबसम्म हामीले जलवायु वित्त र अन्तर्राष्ट्रिय नीति निर्माणमा जति प्रभावकारी भूमिका हुनुपर्ने हो त्यो गर्ने सक्दैनौं ।

परम्परागत सञ्चार माध्यमको एकाधिकार र नकारात्मक चित्रणलाई चुनौती दिने एउटा नयाँ शक्ति उदय भएको छ, त्यो हो ......... (गोपबाट)


## बालअधिकार प्रति संवेदनशील बनौं

- माया, ममता, संरक्षण, स्वास्थ वातावरण, उचित पोषण, शिक्षा, मनोरञ्जन र विकासका अवसर पाउनु प्रत्येक बालबालिकाका आधारभूत अधिकार हुन् ।
- बालबालिकाका बाँच्न पाउने अधिकार, संरक्षणको अधिकार, विकासको अधिकार र सहभागिताको सुनिश्चित गरौं गराऔं ।
- बालबालिकाको अधिकारप्रति राज्य, समाज, परिवार र अभिभावक लगायत सबै संवेदनशील बनौं ।

जगदुल्ला गाउँपालिका, डोल्पा

## चिसो मौसममा हुने स्वास्थ्य समस्याबाट बचौं

जाडो तथा चिसोको समयमा :

-मौसमी रुघाखोकी, भाईरल ज्वरो, छातीको समस्या, दम, निमोनिया, झाडापखाला, छाला सुख्खा हुने, जोर्नी दुखाई, पिनास, टन्सिल, हृदयघात लगायतका स्वास्थ्य समस्या देखा पर्न सक्छन् ।

-बालबालिका, बृद्धबृद्धा तथा दीर्घरोगीहरु बढी प्रभावित हुन सक्छन्

-चिसो मौसममा बाक्लो र न्यानो कपडा लगाऔं,

-तातो, पोषिलो र झोलिलो खानेकुरा खाऔं र खुवाऔं,

-शारीरिक व्यायाम गरौं, धुम्रपान मद्यपान नगरौं,

-घर तथा कोठा न्यानो बनाऔं,

-नियमित घाम ताप्ने गरौं ।

शे फोक्सुण्डो गाउँपालिका, डोल्पा

## आगो, हीटर र गिजरको प्रयोग गर्दा सावधानी अपनाऔं ।

- आगो तथा हीटर नजिकबाट नतापौं ।
- कागज, कपडा जस्ता छिटो जल्ने सामाग्री आगो वा हीटरको नजिक नराखौं ।
- कोठामा आगो, हीटर बाल्दा हावा ओहोरदोहोर हुने व्यवस्था मिलाऔं ।
- आगो तथा हीटर बन्द गरेर मात्र सुतौं ।
- बाथरुममा गिजरको प्रयोग गर्दा भेन्टिलेसन खुला राखौं ।
- बालबालिका, बृद्ध वा बिरामीलाई आगो वा हीटर नजिक एक्लै नछाडौं ।
- घर तथा कार्यालयमा अग्नि नियन्त्रक उपकरण राखौं ।
- आगो, हीटर र बिजुलीको काम सकिनासाथ बन्द गरौं ।

काइके गाउँपालिका, डोल्पा

# योग्य उम्मेदवार छान्ने आधार

- सञ्जीव कार्की

देशलाई आज यस्तो जनप्रतिनिधि चाहिएको छ, जो ठुला भाषणले होइन, सानो तर स्थायी कामले चिनियोस् । जो भिडको तालीले होइन, समुदायको विश्वासले बलियो होस् । अबको चुनावमा हाम्रो प्रश्न र त्यसको निरूपण यी विषयका आधारमा हुनु पर्छ । हामीलाई 'हेभी वेट' चाहियो कि 'हेल्दी वेट' ? शक्तिशाली व्यक्ति चाहियो कि सन्तुलित र पारदर्शी प्रणाली ? लोकतन्त्रलाई तौल थपेर होइन, सन्तुलन मिलाएर मात्र बलियो बनाउन सकिन्छ ।

नेपाली राजनीतिको रङ्गमञ्चमा निर्वाचनको साइत जुर्नेबित्तिकै एउटा राजनीतिक पदावली निकै चर्चामा आउँछ 'हेभी वेट' उम्मेदवार । चोक, चौतारीदेखि मिडियाका हेडलाइनसम्म कुन निर्वाचन क्षेत्रमा कुन दलको कस्तो 'हेभी वेट' उम्मेदवार उठ्यो भन्ने बहसले प्राथमिकता पाउँछ । सामान्य अर्थमा हेभी वेट भन्नाले उम्मेदवारको प्रभाव, शक्ति, पैसा, पहुँच र संसाधनको सम्पन्नतालाई बुझिन्छ । के लोकतन्त्रको स्वास्थ्यका लागि यस्तो 'वजन' फलदायी छ त ? गम्भीरतापूर्वक विश्लेषण गर्ने हो भने, लोकतन्त्र बलियो बनाउन 'हेभी वेट' होइन, 'हेल्दी वेट' भएका उम्मेदवारको आवश्यकता छ । 'हेल्दी वेट' को अवधारणा हेभी वेटको प्रतिभाष्य हो । फागुन २१ गते हुने सङ्घीय संसद्को चुनावलाई दृष्टिगत गरी यसको विमर्श गरौँ ।

लोकतन्त्रको जोखिम

'हेभी वेट' भनिएका उम्मेदवार अक्सर शक्तिको केन्द्रीकरणतर्फ उन्मुख हुन्छन् । उनीहरूको पछाडि धन-सम्पत्ति, बाहुबल र कार्यकर्ताको ठुलो घेरा, पार्टीको उच्चासन र पङ्क्ति हुन्छ । यस्तो वजनले व्यक्तिलाई त ठुलो बनाउँछ तर लोकतान्त्रिक संस्थालाई भने कमजोर तुल्याउँछ । 'हेभी वेट' राजनीतिले 'व्यक्तिपूजा' को संस्कारलाई बढावा दिन्छ, जहाँ विचार र नीतिभन्दा व्यक्तिको कद ठुलो मानिन्छ । यस्ता नेताहरू चुनाव जित्न त माहिर हुन्छन् तर उनीहरूले लोकतन्त्रलाई सुदृढ बनाउँछन् भन्ने कुनै ग्यारेन्टी हुँदैन । हेभी वेट उम्मेदवारको ध्यान अक्सर शक्ति टिकाइराख्न र स्रोतको दोहन गर्नमा केन्द्रित हुन्छ, जसले गर्दा 'क्रोनी क्यापिटालिज्म' (आसेपासे पुँजीवाद) मौलाउँछ । यसले निर्वाचनलाई महँगो बनाउँछ र सामान्य तर योग्य नागरिकका लागि चुनाव लड्नु असम्भव प्रायः बनाइदिन्छ । गरिबका लागि हाम्रो निर्वाचन प्रणाली अभिशाप सिद्ध भएको छ ।

योग्यता र नैतिकताको कसी

'हेल्दी वेट' कुनै पार्टी विशेषले दिने ट्याग होइन, यो त उम्मेदवारको विशिष्ट व्यक्तिगत र राजनीतिक क्षमता हो । हेल्दी वेट राजनीति भनेको सन्तुलनको राजनीति हो, जहाँ शक्तिसँगै जिम्मेवारी र उत्तरदायित्वको बराबर हिस्सा हुन्छ । यसले नेताको नैतिक निष्ठालाई जनाउँछ । नैतिकतालाई प्राथमिक विषय बनाएर प्रस्तुत गर्छ । एउटा 'हेल्दी वेट' भएको नेता त्यो हो, जो चुनाव जित्नका लागि धन (मनी मसल्स) को होइन, आफ्नो विचार, भिजन र कार्ययोजना, माइन्डको सहारा लिन्छ । नेता कति पारदर्शी छ ? कति स्वावलम्बी छ ? कति विनयी र उत्पादनशील छ ? कति दूरदर्शी र मितव्ययी छ ? यसैमा उसको वास्तविक तौल मापन गरिनु पर्छ । हेल्दी वेट उम्मेदवारले जनमतलाई 'लाइसेन्स' को रूपमा होइन, एक गम्भीर 'उत्तरदायित्व' को रूपमा लिन्छ । जितेर गएका वा उमेद्वार भएकाहरू आफ्नो क्षेत्र र उमेद्वार दिएको भूगोलप्रति कति संवेदनशील भए चुनाव जित्दा होस् या पराजय हुँदा त्यसले हेल्दी उमेद्वारको मापन गर्न सहज हुन्छ ।

नीतिनिर्माता कि 'सेलिब्रिटी' ?

हाम्रो लोकतान्त्रिक गणतन्त्रमा देखिएको एउटा ठुलो समस्या भनेको सांसदको भूमिकालाई बुझ्न नसक्नु हो । सङ्घीय सांसदको उम्मेदवार रोज्नु कुनै ठट्टा वा मजाकको विषय होइन । सांसदहरू संसद्मा अभिनय गर्न वा चर्चा कमाउन जाने होइनन्, उनीहरू राष्ट्रको नीतिनिर्माण गर्ने र कानुन बनाउने सर्वोच्च थलोमा जाने हुन् । पछिल्लो समय 'लोकप्रियतावाद' का कारण संसद्लाई हल्का रूपमा लिने र केवल 'सेलिब्रिटी' छवि भएकालाई छान्ने भाष्य निर्माण हुँदै छ, जुन घातक छ । संसद्मा छिर्ने व्यक्ति चर्चित हुनुभन्दा पनि राजनीतिक रूपले स्वस्थ, सामाजिक रूपले समावेशी, न्यायिक र अध्ययनशील हुनु अनिवार्य छ । ऊसँग देशको माटो चिनेको र नागरिकको मर्म बुझेको उच्च राजनीतिक चेत हुनु पर्छ ।

योग्य सांसदका मापदण्ड

एउटा स्वस्थ लोकतन्त्रका लागि सांसदमा निम्न विशिष्ट योग्यता हुन आवश्यक छ ।

कानुनी र नीतिगत साक्षरता : सांसद बन्न जाने व्यक्तिमा संविधान, ऐन-कानुन र अन्तर्राष्ट्रिय सन्धि-सम्झौता बुझ्न सक्ने र तिनको प्रभाव विश्लेषण गर्न सक्ने अध्ययनशील खुबी हुनु पर्छ । संसद्मा भावनामा बहकिएर होइन, तथ्य र तथ्याङ्का आधारमा तर्क गर्न सक्ने क्षमताले मात्रै राष्ट्रको हित गर्छ ।

स्वच्छ छवि र स्वार्थको द्वन्द्व : विगतमा कुनै पनि भ्रष्टाचार, फौजदारी कसुर वा नैतिक पतन हुने कार्यमा संलग्न नभएको सफा छवि हुनु पर्छ । विशेष गरी, ठेक्कापट्टा, व्यापार वा व्यक्तिगत लाभका लागि नीतिगत निर्णयमा प्रभाव नपार्ने (कन्फ्लिक्ट अफ इन्ट्रेस्ट) नभएको व्यक्ति नै संसद्का लागि योग्य मानिन्छ ।

सामाजिक परीक्षण र स्वावलम्बन : राजनीतिमा आउनुअघि वा सकिय रहँदा समाजसेवा, उद्यम, शिक्षा वा अन्य क्षेत्रमा ठोस र सकारात्मक योगदान पुर्‍याएको व्यक्ति 'सामाजिक परीक्षण' मा सफल मानिन्छ । साथै आर्थिक रूपमा अरूको अनुचित प्रभावमा पर्न नपर्ने गरी आत्मनिर्भर वा पारदर्शी पेसा भएको स्वावलम्बी उम्मेदवार आजको आवश्यकता हो ।

'हेल्दी वेट' का पाँच आधारभूत सङ्केत

उम्मेदवार रोज्दा मतदाताले यी पाँच पक्षलाई सूत्रबद्ध रूपमा हेर्नु पर्छ : पारदर्शिता-जसको चुनाव खर्च र आम्दानीको स्रोत ऐना झैँ छर्लङ्ग छ ।

समावेशिता- जसले समाजका हरेक वर्ग, जातजाति र भूगोलको संवेदनशीलतालाई आत्मसात् गर्छ ।

दूरदर्शिता- जो केवल अर्को चुनाव जित्ने रणनीतिकार मात्र होइन, आगामी पुस्ताको भविष्य कोर्ने भिजनरी हो ।

मितव्ययिता - जसको जीवनशैली सरल छ र जसले राजकीय स्रोतको दुरुपयोग गर्दैन ।

न्यायिक दृष्टि - नीतिनिर्माण गर्दा सबै नागरिकलाई समान न्याय हुने गरी सोच्न सक्ने उच्च नैतिक बल ।

राजनीतिमा उमेर समूह- न योग्यता न निषेध राजनीतिमा उमेरको बहस प्रायः दुई किनारामा हुने गर्छ । एउटा पक्षले 'अनुभव' को नाममा पाकाहरूलाई मात्रै ठाउँ दिन्छ भने अर्को पक्षले 'जोस' को नाममा युवालाई मात्रै योग्य देख्छ । 'हेल्दी वेट' को दृष्टिकोणबाट हेर्दा उमेर समूह आफैँमा न योग्यता हो, न त निषेध नै गर्ने विषय हो । एउटा २० वर्षको युवामा परिपक्व नीतिगत चेत र देशको माटो चिनेको भिजन हुन सक्छ भने ७० वर्षको वृद्धमा पनि उत्तिकै जोस, नवीन विचार र प्रविधिमैत्री सोच हुन सक्छ । उमेर केवल एउटा अङ्क हो; वास्तविक योग्यता त व्यक्तिको 'राजनीतिक चेत', 'अध्ययनशीलता' र 'कार्यक्षमता' मा निर्भर गर्छ ।

संसद्लाई न केवल वृद्धहरूको विश्रामस्थल बनाइनु पर्छ न त अनुभवहीनहरूको प्रयोगशाला । हामी( लाई यस्तो जनप्रतिनिधि चाहिएको हो, जोसँग युवाको जस्तो नवीन सोच र जोस होस्, अनि पाकाहरूको जस्तो धैर्य र अनुभवको सन्तुलन होस् । त्यसैले, मतदाताले उम्मेदवारको उमेर हेरेर होइन, उसको विचारको 'तौल' र कार्यक्षमताको 'स्वस्थता' हेरेर मतदान गर्नु पर्छ । उमेरले कसैलाई स्वतः योग्य बनाउँदैन र उमेरकै कारण कसैको क्षमतामाथि निषेध गरिनु पनि लोकतान्त्रिक न्याय होइन ।

मतदाताको जिम्मेवारी

सङ्घीय सांसद रोज्नु भनेको देशको 'मस्तिष्क' छान्नु हो । जब हामी भोटलाई केवल एउटा छाप लगाउने प्रक्रिया, रमाइलो वा क्षणिक आवेगका रूपमा लिन्छौँ, तब संसद् कमजोर हुन्छ र अन्ततः देशकै विकासको गति अवरुद्ध हुन्छ । मतदाताले अब उम्मेदवारको बाहिरी ............ (गोपबाट)


## स्वास्थ्य सेवा कार्यालय डोल्पाको अत्यन्त जरुरी सूचना

महामारिका रुपमा फैलिने कोरोना भाइरस तथा कोभिड १९, टाइफाइट, हैजा, झाडापखाला लगायतका विभिन्न प्रकारका घातक रोगहरुबाट बच्नका लागि निम्न उपायहरु अपनाई आफू बचौं र अरुलाई पनि बचाऔं । नेपालमा विस्तारै कोरोना भाइरसको संक्रमण बढ्दै छ । यसले महामारिको रुप पनि लिन सक्छ त्यसैले सतर्क रहौं ।

महामारिबाट बच्ने उपायहरु

१. अनावश्यक घर वाहिर ननिस्कौं ।

२. आवश्यक काममा निस्कनै परे अनिवार्य रुपमा मास्कको प्रयोग गर्ने गरौं ।

३. कुनै पनि सामान छोइसकेपछि हात सावुन पानीले मिचिमिचि धुने गरौं ।

४. कुनै पनि खानेकुरा राम्रोसँग पकाएर मात्र खाने गरौं ।

५. पानी उमालेर वा निर्मलीकरण गरेर मात्र पिउने गरौं ।

६. महामारीको बेलामा तालिम, गोष्ठि, सेमिनार, भोज, भतेर जस्ता भिडभाड हुने कार्य नगरौं ।

७. रुघाखोकी लागेको व्यक्तिबाट कम्तिमा पनि ३ मिटर टाढा बसौं ।

८. अभिवादन गर्दा टाढैबाट नमस्कार गरौं, हात मिलाउने, अंकमाल गर्ने नगरौं ।

९. आफ्नो स्वास्थ्यको स्थिति आफैले निगरानी राख्ने गरौं, स्वास्थ्य स्थितिमा गडबड आएमा तुरुन्तै चिकित्सकहरुसँग सम्पर्क राखौं ।

१०. त्यसैले तपाई बाँचे गाउँ बाँच्छ, गाउँ बाँचे देश, देश बाँचे अनि बन्छ समृद्धिको बेस(bass) कोरोना भाइरस लगायतका महामारि रोकथाममा तपाई हाम्रो सक्रिय सहभागिताको खाँचो छ ।

स्वास्थ्य सेवा कार्यालय

दुनै, डोल्पा

# जलवायु परिवर्तनको जोखिम

- केशव शर्मा

नेपालका ठूला राजनीतिक दलहरूले घोषणापत्रमा जलवायु परिवर्तनको विषय समेटे पनि यसको बहुआयामिक जोखिम र गाम्भीर्यतालाई अझै विकासको मूलधारमा समेट्न असफल देखिन्छन्।

जलवायु परिवर्तनका असरहरू वन र वातावरणमा मात्र सीमित नभई पूर्वाधार, ऊर्जा, कृषि, खाद्य सुरक्षा, सार्वजनिक स्वास्थ्य र सामाजिक स्थायित्वमा प्रत्यक्ष रूपमा देखिन थालेका छन्।

दिगो र सुरक्षित विकासका लागि दलहरूले जलवायु जोखिमलाई नीति, योजना र कार्यान्वयनमा केन्द्रीय एजेन्डाका रूपमा आत्मसात् गर्दै स्पष्ट, प्रमाण-आधारित र जवाफदेही रणनीति अवलम्बन गर्नु अपरिहार्य छ। गत दुई संघीय चुनावका ठूला राजनीतिक दलका घोषणापत्रमा जलवायु परिवर्तनको विषय उल्लेख थियो। केही अपवादबाहेक ती घोषणापत्र मुख्यतः वन संरक्षण, सामुदायिक वन, जैविक विविधता, अन्तर्राष्ट्रिय जलवायु सम्मेलन र अनुदान, नवीकरणीय ऊर्जा तथा वातावरणीय प्रभाव मूल्यांकनको औपचारिक उल्लेखमै केन्द्रित रह्यो। यद्यपि, यी विषय घोषणापत्रमा समेटिनु सकारात्मक भए पनि राजनैतिक दलहरूमा जलवायु परिवर्तनको गाम्भीर्यता बुझाइमा कमजोरी देखियो। र, धेरैजसो अवस्थामा जलवायु परिवर्तनलाई अझै पनि पृथक् वातावरणीय एजेन्डाका रूपमा मात्रै प्रस्तुत गरिएको देखिन्छ।

ठूला पूर्वाधार, जलविद्युत्, सडक र सहर विकासमा जलवायु जोखिमलाई कसरी मूल्यांकन गर्ने ? त्यसका आधारमा परियोजना डिजाइन र निर्णय कसरी परिवर्तन गर्ने ? संस्थागत संयन्त्र के हुने ? र, जिम्मेवारी कसको हुने ? यी कार्यान्वयन पक्ष प्रायः अस्पष्ट नै रह्यो। नेपालको हकमा जलवायु परिवर्तन खाद्य सुरक्षा, सार्वजनिक स्वास्थ्य, बसाइँसराइ, रोजगारी, पूर्वाधार, ऊर्जा सुरक्षा र अन्ततः राष्ट्रिय सुरक्षासँग प्रत्यक्ष रूपमा गाँसिएको बहुआयामिक मुद्दा हो भन्ने विषय स्पष्ट रूपमा बुझ्न र स्थापित गराउन राज्य र राजनैतिक दलहरू असफल देखिन्छन्।

हिमालदेखि तराईसम्म पछिल्ला वर्षहरूमा देखिएका घटनाहरूले जलवायु परिवर्तन केवल वन र वातारणसँग मात्रै सम्बन्धित होइन भन्ने पूर्णतः प्रमाणित गरिसकेको छ। हुम्लाको तिलागाउँको बाढी, तिब्बत क्षेत्रबाट रसुवामा आएको हिमबाढी, थामेमा हिमताल फुट्नु, मेलम्चीमा आएको भीषण भेलबाढी, काठमाडौं उपत्यकाको विगत दुई वर्षको डुबान, तराईका जिल्लामा असामान्य खडेरी र डुबान तथा मध्यपहाड अनि हिमाली क्षेत्रमा बढ्दो पहिरो र भूक्षय जलवायु परिवर्तनका असरका संकेत हुन्। यी जोखिम अब भविष्यमा हुन सक्ने सम्भावना मात्रै होइनन्, आजकै यथार्थ बनेका छन्। त्यसैले दलहरूले जलवायु परिवर्तनलाई केवल वातावरणीय मुद्दा होइन, विकासको मूलधारसँग जोडिएको केन्द्रीय एजेन्डाका रूपमा आत्मसात् गर्नु अपरिहार्य भएको छ।

नेपालका लागि जलवायु परिवर्तन किन बहुक्षेत्रीय बहुजोखिम ?

जलवायु परिवर्तनसम्बन्धी अधिकांश नीति, कार्यक्रम र बजेट वन तथा वातावरण मन्त्रालयमै केन्द्रित छन्। ऐतिहासिक रूपमा वातावरण, वन संरक्षण, जैविक विविधता र अन्तर्राष्ट्रिय जलवायु सम्झौतासँग सम्बन्धित काम यही मन्त्रालयअन्तर्गत रहँदै आएको छ। नेपालका हिमाली क्षेत्रमा हिमतालको संख्या र आकार दुवै तीव्र रूपमा बढ्दै गएको छ। हिउँ र हिमनदी पग्लिने दर बढेसँगै हिमताल फुट्ने जोखिम बढ्दो छ, जमेको जमिन र चट्टान कमजोर हुँदै गएको छ। र, त्यसले पहिरो, चट्टान खस्ने तथा संरचनागत अस्थिरता निम्त्याइरहेको छ। त्यसको प्रत्यक्ष असर सडक, पुल, जलविद्युत् आयोजना र हिमाली बस्तीमा पर्न थालेको छ। मेलम्ची ......... (ईकान्तिपुरबाट)

## महत्वपूर्ण जानकारी

- हामी आफ्नो र आफूसँग आश्रीत परिवारको स्वस्थ जीवनका लागि अर्गानिक उत्पादनका लागि आफू लागौं र अरुलाई पनि यस तर्फ आकर्सित गराऔं।
- सबैभन्दा ठुलो कुरा उत्पादन गर्नु भन्दा पनि उत्पादित अर्गानिक कृषि उत्पादनको सहि उदुपयोग गरौं।
- गाउँको शुद्ध अर्गानिक वातावरणलाई रासायनिक मल, विषदीहरु प्रयोग गरेर नबिगारौं।
- हाम्रो गाउँमा उत्पादन हुने कोदो, फापर, मकै, गहु लगायतका खाद्य बस्तुको प्रयोग गरौं निरोगी बनौं।
- आफ्नो बारिमा अर्गानिक खेति गरौं, माटोको उर्बरा शक्ति सुरक्षित राखौं। अर्गानिक कृषि उत्पादनको प्रयोग गरी निरोगी बनौं।
- आफ्नो वरपरको वातारण अर्गानिक बनाई राख्न सबै एक होऔं।
- विषदी र रासायनिक मलले माटोको उर्बरा शक्ति घटाउने कुरा बुझि राखौं।

शरद लामा
कार्यालय प्रमुख
कृषि विकास कार्यालय दुनै, डोल्पा
दुनै, डोल्पा

## मानवअधिकारको सम्मान गरौं

- मानवअधिकार जन्मसिद्ध र नैसर्गिक अधिकार हो,
- मानवअधिकार व्यक्तिको जात, धर्म, भाषा, लिंग वा वर्णको आधारमा भेदभाव नगरी समान अधिकार र अवसर प्रदान गरिएको हुन्छ,
- मानवअधिकार देशको संविधान, कानून र अन्तराष्ट्रिय सन्धिद्धारा प्रदत्त अधिकार हुन्,
- मानवअधिकार उल्लंघन नगरौं,
- मानवअधिकारको उल्लंघन भएमा राष्ट्रिय मानवअधिकार आयोग वा सम्बन्धित निकायमा उजुरी गरौं।

मानवअधिकारप्रति सचेत रहौं।

डोल्पोबुद्ध गाउँपालिका, डोल्पा

## भूकम्पको जोखिमबाट सुरक्षित बनौं

- भूकम्प जाँदा कमजोर संरचनाका कारण बढि क्षति हुन्छ।
- घर जस्ता संरचना निर्माण गर्दा भूकम्प प्रतिरोधि बनाऔं।
- प्राविधिकको सल्लाह लिएर मात्र घर बनाऔं।
- भूकम्पबाट सुरक्षित रहन आवश्यक पूर्व तयारी गरौं।
- भूकम्प जाँदा आत्तिएर जथाभावि भाग्ने र दौडने नगरौं।
- धैर्यतापूर्वक वाहिर खुला तथा सुरक्षित स्थानमा जाऔं।
- भूकम्पमा अप्ठेरो परेकालाई सहयोग गरौं।

ठुलीभेरी नगरपालिका, डोल्पा

## भूकम्पबाट हुने क्षतिप्रति सचेत रहौं

भूकम्पले
- घर, पुल तथा अन्य संरचना भत्कना सक्दछ।
- विधुत तथा टेलिफोन सेवा अवरोध हुन सक्छ।
- बाढि पहिरो तथा आगलागिको जोखिम भई धनजनको क्षति हुन सक्दछ।

त्यसैले
- घर, पुल तथा अन्य संरचना बनाउदा भूकम्प प्रतिरोधि बनाऔं।
- घर वरिपरि तथा सार्वजनिक स्थललाई खुल्ला राखौं।
- भूकम्प गएमा खुल्ला र सुरक्षित स्थानमा जाऔं।

छार्का ताङसोङ गाउँपालिका, डोल्पा

## युवा सशक्तिकरण गरौं

युवा सशक्तिकरण किन :
- नेपाली युवालाई सवल, प्रतिस्पर्धी र आत्मनिर्भर बनाउन,
- राज्यका हरेक अंगमा सार्थक सहभागिता सुनिश्चित गर्न,
- स्वस्थ, कर्मठ र उद्यमी युवाअधिकार सुनिश्चित गर्न,
- कर्तव्य प्रति सेचत युवाजनशक्ति निर्माण गर्न,
- समावेशी र सशक्त युवा नेतृत्वको विकास गर्न,
- नेपाललाई आधुनिक, न्यायपूर्ण र समृद्ध राष्ट्र बनाउन।

त्रिपुरासुन्दरी नगरपालिका, डोल्पा